# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०७७।०३।१६ गते ।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको ।**

जिल्ला ताप्लेजुङ, डिभिजन वन कार्यालयमा कार्यरत सहायक वन अधिकृत जीवन कुमार यादव र सव डिभिजन वन कार्यालय फुङ्लिङ, ताप्लेजुङमा कार्यरत सहायक वन अधिकृत वीरेन्द्र प्रसाद साहले जडिबुटी निकासी छुटपूर्जी दिए बापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवम् उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिई गएको टोलीले निज सहायक वन अधिकृत जीवन कुमार यादव र सहायक वन अधिकृत वीरेन्द्र प्रसाद साहलाई रु.१/१ लाख गरी जम्मा रु.२,००,०००/- (दुई लाख) घुस/रिसवत बापतको रकम बुझि लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा डिभिजन वन कार्यालय, ताप्लेजुङका सहायक वन अधिकृतद्वय जीवन कुमार यादव र बीरेन्द्र प्रसाद साहले सेवाग्राहीसँग संकलित सेतक चिनी जातको जडिबुटी नेपालगञ्जसम्म लैजान छोडपूर्जी बनाउने प्रयोजनको लागि जनही रु. १/१ लाखको दरले रु. २,००,०००।— (दुई लाख) घुस/रिसवत माग गरी लिएको पुष्टि हुन आएकोले निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको भ्रष्टाचारजन्य कसुर भएको देखिएबाट निजहरु सहायक वन अधिकृतद्वय जीवन कुमार यादव र बीरेन्द्र कुमार साहलाई बिगो रु. २,००,०००।— कायम गरी भ्रष्टचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला